# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाङ्साङ् , सिन्धुली ३ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७६।०७७
चलानी नं.:- ३२८

मिति:- २०७६।०६।१५

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**(ढुंगा,गिट्टी,बालुवा एवं रोडा संकलन र बिकी शुल्क)**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७६/०६/१५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६), घ (११) र घ (१३) मा भएको व्यवस्था,३ नं प्रदेश सरकारको ढुंगा, गिट्टी,बालुवा उत्खनन, संकलन, कसिङ्ग र बिकी वितरण तथा कसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि,२०७५,फिक्कल गाउँपालिकाको आर्थिक ऐन,२०७६, एवं स्वीकृत IEE प्रतिवेदन तथा गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम आ.व.०७६।०७७ को बाँकी समय अवधिको लागि तपशीलमा उल्लेखित न्यूनतम ठेक अंकमा नघट्ने गरी फिक्कल गाउँपालिका अर्न्तगतका सुनकोशी नदी तथा सुनकोशी नदीमा मिसिने खोलाहरुको ढुंगा,गिट्टी,बालुवा एवं रोडा संकलन र विकी शुल्कको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदाँ इच्छुक दर्तावाल फर्म (अनिवार्य रुपमा मू.अ.करमा दर्ता भएका) हरुलाई बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी तोकिएको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । विस्तृत जानकारीको लागि सम्पर्क नं ९८५४०४०२८२ मा सम्पर्क गर्न सक्नु हुने छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आन्तरिक आय ठेक्का नं.०१ | ठेक्का सम्बन्धी विवरण | संकलन र विकी गर्न पाउने अधिकतम परिमाण (वार्षिक घन फिट) | घाटगद्धी संकलन र विकी गर्न पाउने सहितको मूल्य रु. (प्रति घन फिट) | | आ.व. २०७६/०७७ का लागि कायम न्यूनतम अङ्क (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| | | | संकलन शुल्क | विकी शुल्क | | | |
| ०१-०७६-०७७ | फिक्कल गाउँपालिकाको वडा नं २,३,४,५ र ६ को सुनकोशी नदीको तटीय क्षेत्र<br>नवलपुर खोला दोभान,नवलपुर माथिल्लो बगर,नवलपुर तल्लो बगर,लामासोती बगर<br>खाङसाङ,पन्चकन्या,थोल्मे,सोखु दोभान,सोखु दोभान तल्लो बगर<br>फिक्कल गाउँपालिकाको वडा नं ५,६ को सुनकोशी नदीमा मिसिने खोलाहरुको तटीय क्षेत्र<br>चाल्ने खोला बगर,सोखु खोला फ्यान क्षेत्र, सोखु खोला फ्यान क्षेत्रको तल्लो बगर, सोखु खोला फ्यान क्षेत्रको माथिल्लो बगर र बादुरा खोला बगर<br>**प्याकेज नं १** | १११११११।११ | ३।०० | ६।०० | १०००००००।– | रु.३,०००।– | मू.अ.कर सहित कुल कबोल अंङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत । |

रिजाल

# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**खाङ्साङ् , सिन्धुली** ३ नं. प्रदेश, नेपाल

फिक्कल गाउँपालिका कार्यपालिकाको कार्यालय खाङ्साङ, सिन्धुली ३ नं. प्रदेश नेपाल २०७३

पत्र संख्या:- ०७६।०७७
चलानी नं.:-

मितिः- **२०७६।०६।१५**

**<u>आय ठेक्का सम्बन्धी शर्तहरु</u> :-**

१.ठेक्काको बोलपत्र फाराम खरीदको लागि यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम वापत काटिएको नगदी रसिद वा फिक्कल गाउँकार्यपालिकाको कार्यालयको नाममा प्राइम कमर्सियल बैंक लिमिटेड, फिक्कल शाखामा रहेको सञ्चित कोष खाता नं ०७८०००५७ CA मा जम्मा गरेको सक्कल भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७५।०७६ को लागि फर्म वा कम्पनी नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फारामहरु **फिक्कल गाउँकार्यपालिकाको कार्यालय, राजश्व ईकाई बाट** खरीद गर्न सकिनेछ ।

२. बोलपत्रमा आधिकारिक व्यक्तिले सहीछाप गरी बोलपत्र फाराम भरी ३१ औ दिनको मध्यान्ह १२.०० बजेभित्र पेश गरी सक्नुपर्नेछ ।

३. प्रमाणित गरी कार्यालयको छाप लगाई विक्री गरिएको फर्मलाई मात्र मान्यता दिइनेछ ।

४.शिलबन्दी बोलपत्रका साथ फर्मले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम धरौटी वापत फिक्कल गाउँकार्यपालिकाको कार्यालयको नाममा प्राइम कमर्सियल बैंक लिमिटेड फिक्कल शाखामा रहेको धरौटी खाता नं ०७८०००५६ CA मा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको कुनै राष्ट्रियस्तरको वाणिज्यबैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत (बिडबन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

५. शिलबन्दी बोलपत्र दाखिला गर्दा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र खरीद कारबाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारबाहीमा नपरेको व्यहोराको स्वःघोषणापत्रको सक्कल प्रति समेत पेश गर्नुपर्नेछ ।

६. शिलबन्दी बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधी एवं ठेकेदारहरुको रोहबरमा फिक्कल गाउँकार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाताका प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोलिनेछ । बोलपत्र खरीद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

७. बोलपत्रमा कबोल रकमको अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार फिक्कल गाउँकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

९. कूल ठेक अंक सम्झौता गर्नु अगावै नगद दाखिला गर्नुपर्नेछ । एकमुष्ठ रकम नबुझाएमा मान्यता प्राप्त राष्ट्रियस्तरको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको २०७७ साल आषाढ मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड)ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात

# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाङ्साङ् , सिन्धुली          ३ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७६।०७७
चलानी नं.:-

मिति:- २०७६।०६।१५

१०. ढुंगा, बालुवा, गिट्टी झिक्नुपर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै लागतमा बाटो निर्माण तथा मर्मत गराउनु पर्नेछ ।

११. यो ठेक्काको अवधि ठेक्का लागेको समय देखि २०७७ असार मसान्तसम्म हुनेछ ।

१२. फिक्कल गाउँपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा गाउँपालिका स्वयम् वा अमानतमा काम गराउँदा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी वालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

१३. यस सूचना तथा बोलपत्रसाथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको वेभसाइट **www.phikkalmun.gov.np** मा राखिएको विस्तृत शर्त सहितको सूचना हेर्न सक्नुहुनेछ ।

.....................................
प्रमुख प्रशासकीय अधिकृत

दीपक रिजाल
प्रमुख प्रशासकीय अधिकृत